# चौतारा साँगाचोकगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चौतारा, सिन्धुपाल्चोक

## आन्तरिक आय तर्फको विद्युतीय दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१/०५/१२ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६) मा भएको व्यवस्था, यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि, २०७५ (संसोधित सहित), स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, वागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९(१) र सो सँग सम्बन्धित अनुसूची-५, बागमती प्रदेश सरकारको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिमा भएको व्यवस्था र यस चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८१/०३/२५ गतेको नगर कार्यपालिका बैठकको निर्णयानुसार आ.व. २०८१/०८२ को आन्तरिक आय असुल सम्बन्धी कार्य देहाय बमोजिम उल्लेखित ठेक्काद्वारा गराउनका लागि यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रकृया पुरा गरेको इच्छुक फर्महरुले विद्युतीय माध्यम (E-Bidding) द्वारा मात्र दरभाउपत्र पेश गर्नुपर्नेछ। अन्य थप जानकारीका लागि कार्यालय समय भित्र चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. २०८१/०८२ को लागि निर्धारण ढुङ्गा, गिट्टी, वालुवा ग्राभेल रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) विक्री परिमाण (घन फिटमा) | आ.व. २०८१/०८२ को लागि निर्धारण ढुङ्गा, गिट्टी, वालुवा ग्राभेल रोडा (स्वीकृत खानी क्षेत्र बाहेक) उत्खनन् संकलन समेत विक्री मुल्य रु. | ढुङ्गा, गिट्टी वालुवा स्लेट ग्राभेल रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री शुल्क वापत हुने कुल न्यूनतम अंक (कर तथा भ्याट बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १/२०८१/०८२(RE) | इन्द्रावती नदीको बनदेऊको ५९ कि.मी. देखि भ्याडी खोला सम्मको क्षेत्रमा ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | १,७४,८२,५९८।९३ (एक करोड चौहत्तर लाख बयासी हजार पाँच सय अन्ठानब्बे दशमलव त्रियानब्बे घन फिट) | ७/- (सात) | १२,२३,७८,१९२।४८ (बाह्र करोड तेईस लाख अठहत्तर हजार एक सय बयानब्बे रुपैंया अढचालिस पैसा) | १०,०००।- (दश हजार) |
| २/२०८१/०८२(RE) | सुनकोशी नदीको साँगाचोकको सिम्ले देखि बलेफी सम्मको क्षेत्रमा ढुंगा, गिट्टी, वालुवा, ग्राभेल रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | ५३,६७,२९६।५५ (त्रिपन्न लाख सरसठी हजार दुई सय छयानब्बे दशमलव पचपन्न घन फिट) | ७/- (सात) | ३,७५,७१,०७५।८५ (तिन करोड पचहत्तर लाख एकहत्तर हजार पचहत्तर रुपैंया पचासी पैसा) | ५,०००।- (पाँच हजार) |

**ठेक्का सम्बन्धी शर्तहरु :**

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कबोल अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ। साथै उक्त आय ठेक्काहरुमा जुन कबोल अंक बढी हुन्छ सो कबोल कर्ताको बोलपत्र स्वीकृत गरिनेछ।

२. ठेक्का अवधि प्रचलित कानून बमोजिम (२०८१ साल श्रावण १ देखि २०८२ साल आषाढ मसान्त सम्म) कायम रहनेछ। आ.व. २०८१/०८२ श्रावण १ गते देखि सम्झौता मिति सम्म उठेको रकम घटाई सम्झौता गराईनेछ। साथै सो अवधि सम्म राजश्व संकलन गर्न लगेको खर्च सम्वन्धित ठेकेदारवाटै खर्च व्यहोर्नु पर्ने छ। ठेक्का अवधिमा आषाढ, श्रावण र भाद्र महिनामा नदीबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईने छैन। प्रचलित कानून अनुसार क्रसरहरुमा रहेका मौजात समेत (ठेक्कामा तोकिएको परिमाणमा नबढ्ने गरी) विक्री वितरण गर्न वाधा पर्ने छैन। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकाले बन्द हड्ताल आदिका कारण केहि दिन काम सूचारु नभएको अवस्थामा कुनैपनि किसिमको दावी विरोध गर्न पाईनेछैन। तर संघीय सरकार, प्रदेश सरकार, यस नगरपालिका तथा अदालतको आदेश वा निर्णय र अन्य कुनै कारणबाट ठेक्का अवधि भित्र सम्झौता उल्लेख भएको परिमाण उठाउन नपाएमा दोस्रो पक्षले उचित र प्रयत्न कारण देखाई माग दावी गर्न वाधा पर्ने छैन।

३. माथि उल्लेखित सबै ठेक्काहरुको कबोल अंकको थप मुल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजश्व ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनुपर्नेछ।

४. धरौटी वापत कबोल गरेको अंकको ५ (पाँच) प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लि. चौतारा स्थित बैंक धरौटी खाता नं. ०५७०३००००३०००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको वाणिज्य बैंकको जमानत (विड वण्डको सक्कल प्रति) दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ।

५. प्रचलित कानून बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा ५ (पाँच) प्रतिशत सम्म रकम छुट दिईनेछ। तर नियमानुसार लाग्ने मु.अ. कर प्रयोजनाको लागि भने छुट दिईने छैन। बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नेपाल बैंक लि., चौतारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०५७०३०००००१००१००००००१ मा दाखिला गर्नुपर्नेछ

६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

८. ठेक्कामा कुनै विवाद भएमा चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

९. उक्त ठेक्काहरुको E-Submission गर्ने दरभाउपत्रदाताले बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८१/०५/२७ गते दिनको १२:०० बजे भित्र PDF Format मा Upload गरी सक्नु पर्नेछ। Upload भएका दरभाउपत्रहरु सोही दिनको १:०० बजे चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा खोलिनेछ साथै उक्त सूचना चौतारा साँगाचोकगढी नगरपालिकाको वेवसाईट chautaramun.gov.np मा राखिएको छ र दरभाउपत्र फाराम PPMO को वेवसाईट http://www.bolpatra.gov.np/egp बाट E-Bidding मार्फत् पेश गर्न सकिनेछ।

१०. दरभाउपत्र फारामहरु दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन क्रमश सोही समयमा हुनेछ। तर बिड वण्डको मान्य अवधि सुरुकै मितिबाट कायम हुनेछ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागू हुनेछ।

१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका दरभाउपत्रहरु मुल्याङ्कनमा समावेश गरिने छैन।

१३. नेपाल सरकार तथा बागमती प्रदेश सरकारबाट ढुङ्गा, गिटी, वालुवा स्लेट ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) वापतको शुल्क (कर) मा हेरफेर गरेको अवस्थामा सो शर्तहरु ठेकेदारहरुले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ। प्रदेश सरकारबाट थपघट भएको करको अनुपातमा ठेक्का अंक निर्धारण गरिनेछ। सो बमोजिम पेश गर्नुपर्ने किस्ता रकम वा बैंक ग्यारेन्टी सम्बन्धित ठेकेदारले बुझाउनुपर्नेछ।

१४. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ।

१५. बुँदा नं. ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कुल कबोल अंक मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवधिमा १ महिना थप भएको सम्मका चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गका वाणिज्य बैंकको जमानत (परफरमेन्स वण्ड) पेश गरे पश्चात् मात्र ठेक्का सम्झौता गरी कार्यादेश दिईनेछ।

१६. कायम हुन आएको ठेक्का अंक रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| प्रथम | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंकको ३५ प्रतिशतले हुन आउने रकम |
| दोस्रो | २०८१ साल पौष मसान्त भित्र | कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम |
| तेस्रो | २०८२ साल जेष्ठ मसान्त भित्र | कबोल अंकको २५ प्रतिशतले हुन आउने रकम |

१७. ठेक्का कबोल गर्ने ठेकेदारले तोकिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाइएको पाइएमा नियमानुसार कारवाही गरिनेछ।

१८. माथि शर्त नं. ३ मा उल्लेख गरिएको रसिदहरुबाट आम्दानी गरिएको रकम आय खातामा मु.अ. करको हिसाब निकाल्नका लागि रसिद नं. को क्रमानुसार लेखाङ्कन गरी खाता र रसिद मासिक रुपमा अर्को महिनाको ७ गते भित्र यस नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ।

१९. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ। साथै दररेट सहित कार्यालयले तोकेको विवरण भएको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ।

२०. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएको वा कालो सुचीमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन।

२१. ढुङ्गा, गिटी, बालुवा, ग्राभेल रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेको स्थानमा बसी संकलन गर्न पाईनेछैन।

२२. यस नगरपालिकाको विकास निर्माण कार्यक्रम संचालन गर्ने क्रममा चौतारा साँगाचोकगढी नगरपालिकाले स्वंयम् वा अमानतामा सवारी साधन मार्फत् वर्ष दिन भरी प्रयोग गरेको ढुङ्गा, गिटी वालुवा, ग्राभेल, रोडा आदि र विदेशी दातृ निकायसँग भएको कर छुट सम्बन्धी सम्झौता भई संचालन हुने आयोजनामा ठेकेदारले कुनै कर लिन पाउने छैन।

२३. जमानी वापत बोलपत्रमा आफुले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

२४. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम अशुल उपर गरिनेछ। सो उपर ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउने छैन।

२५. प्रचलित कानून सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह अशुल उपर गरिनेछ।

२६. यस नगरपालिका भित्रका नदी नालाबाट ढुङ्गा, गिटी, वालुवा निकाली संकलन तथा विक्री गर्ने क्रममा नगरपालिका भित्रका पक्की पुलको तल १००० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी विक्री गर्न कानूनले पुर्ण रुपमा प्रतिबन्ध लगाएको हुँदा कर संकलनले सो कुरालाई पुर्ण रुपमा ध्यान दिनुपर्नेछ। ढुङ्गा, गिटी, वालुवा उत्खनन् तथा संकलन गर्दा स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले नक्साङ्कन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन् गर्न वाधा पर्नेछैन। तर प्रारम्भिक वातारणीय परीक्षण (IEE) प्रतिवेदन प्रतिकुल हुने गरी उत्खनन् तथा विक्री संकलन गर्न पाईनेछैन।

२७. यस कार्यालयमा पेश हुन आएको दरभाउपत्र, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खुल्नेछ। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहबरमा खोल्न सकिनेछ।

२८. दरभाउपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीका व्यवसायी नवीकरण प्रमाण पत्र, स्थायी लेखा नं., मु.अ. कर प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण (२०७९/०८०) पत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ।

२९. दरभाउपत्र फाराम नियमानुसारको राजश्व तिरी PPMO को वेवसाईट http://www.bolpatra.gov.np/egp बाट E-Bidding मार्फत् डाउनलोड गरी पेश गर्न सकिनेछ।

३०. ढुङ्गा, गिटी, वालुवा, रोडा आदिको संकलन तथा विक्रीका सम्बन्धमा जिल्ला स्तरीय र नगर स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का दिने पक्षले पुर्ण रुपमा पालना गर्नुपर्नेछ।

३१. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएकाहरुको हकमा प्रचलित कानून तथा ठेक्का स्वीकृत पश्चात् गरिने सम्झौता अनुसार हुनेछ।

३२. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**



# बैंकहरूले यो वर्ष काउन्टर साइक्लिकल बफर राख्नुनपर्ने




**काठमाडौं/** अधिक कर्जा प्रवाहले निम्त्याउन सक्ने जोखिम न्यूनीकरण गर्न प्राथमिक पुँजीबाट कायम गर्नुपर्ने अतिरिक्त पुँजीको व्यवस्था (काउन्टर साइक्लिकल बफर)को प्रावधान चालू आर्थिक वर्ष ०८१/८२ मा लागू नहुने भएको छ। आकस्मिक संकटको प्रभावबाट सुरक्षित राख्न बैंकहरूले अतिरिक्त रूपमा जोहो गर्ने यही पुँजीको अंशलाई 'काउन्टर साइक्लिकल क्यापिटल बफर' भनिन्छ।

०७६ सालमा लागू गर्ने घोषणा भए पनि कोभिड-१९ को कारण देखाएर बैंकहरूले यो लागू नगर्न आग्रह गर्दै आइरहेका थिए। गत आव राष्ट्र बैंकले पछिल्लो पाँच कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा निजी क्षेत्रको कर्जा अनुपातको औसत र पछिल्लो आवको जिडिपीमा निजी क्षेत्रको कर्जा अनुपातअन्तरका आधारमा ०.५ प्रतिशत काउन्टर साइक्लिकल बफर (अतिरिक्त पुँजीकोष) कायम गर्नुपर्ने व्यवस्था गरेको थियो। बैंकहरूले पुँजीकोषको दबाब खेप्नुपरेको र लगानीयोग्य पुँजी प्रवाह गर्न नसकेको समस्या देखाएपछि केन्द्रीय बैंकले यो आवमा शून्यमा झारेको हो।

राष्ट्र बैंकले प्राथमिकीकरण गरेका क्षेत्रमध्ये लघु, घरेलु, साना तथा मझौला उद्यमका क्षेत्रमा जाने कर्जाको हिस्सा ०८४ असारसम्म न्यूनतम १५ प्रतिशत पुऱ्याउनुपर्ने व्यवस्था छ। यसमा एक करोडभन्दा कम रकमका कर्जा मात्रै प्रवाह हुनुपर्ने सर्त थियो। अब यो सीमा बढाएर दुई करोड पुऱ्याइएको छ। लघुवित्त वित्तीय संस्थाको ऋणको पुनर्तालिकीकरणको सुविधा एक वर्षबाट थपेर तीन वर्ष पुऱ्याइएको छ। यस्तो पुनर्तालिकीकरण तथा पुनर्संरचना ०८१ पुस मसान्तभित्र गरिसक्नुपर्ने उल्लेख छ।

तर, निष्क्रिय वर्गमा वर्गीकरण भइसकेका कर्जाहरूलाई पुनर्संरचना र/वा पुनर्तालिकीकरण गर्दा पूर्ववत् कायम गरिएको कर्जा नोक्सानी व्यवस्था कायम राख्नुपर्नेछ। यसरी कायम गरिएको कर्जा नोक्सानी व्यवस्था लगातार एक वर्षसम्म कर्जा नियमित भएको अवस्थामा बाहेक कुनै समायोजन गर्न नपाइने भनिएको छ।

# ऊर्जा क्षेत्रको विकासका लागि पूर्वमन्त्रीहरूसँग छलफल



**काठमाडौं/** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मुलुकको ऊर्जा क्षेत्रको विकासका लागि पूर्वऊर्जामन्त्रीहरूसँग छलफल गरेका छन्। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा आज भएको भेटमा पूर्वमन्त्रीहरूले मुलुकको ऊर्जा क्षेत्रको विकासमा सबै राजनीतिक दलले एउटै धारणा बनाएर अगाडि बढ्नुपर्ने बताए। छलफलमा ऊर्जामन्त्री खड्काले सरकारले १० वर्षमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले यसलाई पूरा गर्न पूर्वमन्त्रीको आवश्यक राय र सुझाव आवश्यक रहेको बताए। 'मुलुकले सबैभन्दा ठूलो आयस्रोतका रूपमा ऊर्जा क्षेत्रलाई लिएको छ, यसलाई कसरी अगाडि बढाउन सकिन्छ, यहाँहरूजस्ता पूर्वमन्त्रीको अनुभव, राय र सल्लाह मन्त्रालयलाई आवश्यक पर्छ,' उनले भने।

मन्त्री खड्काले बुढीगण्डकी, दुधकोशी, नलगाड, फुकोट कर्णाली, पञ्चेश्वर, माथिल्लो अरुण जलविद्युत् आयोजनाजस्ता आयोजनालाई लगानी कसरी जुटाएर अगाडि बढाउन सकिन्छ, उच्च क्षमताको विद्युत् प्रसारणलाइन निर्माण र विस्तारमा निजी क्षेत्रलाई कसरी आकर्षण गर्न सकिन्छ भन्नेबारे पूर्वमन्त्रीको राय-सुझाव मागेका थिए। यस्तै, छिमेकी मुलुक भारत, चीन र बंगलादेशसँग विद्युत् व्यापारमा सन्तुलन कायम गर्ने र अधिकतम लाभ लिने विषय, विद्युत् निर्यातमा भारत, चीनबाहेक अन्य मित्रराष्ट्रसँगको लगानीका लागि सम्भावनाका विषय, संसद्मा दर्ता भएको विद्युत् विधेयकसम्बन्धी विषयलाई अगाडि बढाउनेबारे छलफल गरेका थिए। त्यस्तै, छलफलमा पूर्वमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले मुलुकको समृद्धिको क्षेत्र जलस्रोत क्षेत्र भएकाले यसलाई अधिकतम प्रयोग गरेर देशले फाइदा लिनुपर्ने बताए। पूर्वमन्त्री डा. प्रकाशशरण महतले विद्युत् उत्पादनसँगै प्रसारणलाइनको विकासलाई समेत प्राथमिकता दिनुपर्ने बताए। पूर्वमन्त्री जनार्दन शर्माले प्रसारणलाइन निर्माणको जिम्मा निजी क्षेत्रलाई दिनुपर्ने बताए। पूर्वमन्त्री वर्षमान पुनले मुलुकको राष्ट्रिय प्राथमिकता ऊर्जा क्षेत्र भएकाले ऊर्जा विकासमा सबै पार्टीको एउटै धारणा हुनुपर्ने बताए। उनले ऊर्जा क्षेत्रको विकासका लागि आवश्यक नीतिलाई ग्यारेन्टी गरेर अगाडि बढ्नुपर्ने उल्लेख गरे।

पूर्वमन्त्री शक्तिबहादुर बस्नेतले मुलुकको ऊर्जा क्षेत्रको विकासका लागि मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण र विद्युत् विकास विभागबीच समन्वय आवश्यक रहेको बताए। त्यसैगरी, पूर्वमन्त्री गोकर्ण विष्टले मुलुकमा ऊर्जा सन्तुलनका लागि जलाशययुक्त आयोजनालाई अगाडि बढाउनुपर्ने बताए। पूर्वमन्त्री महेन्द्रबहादुर शाहीले निजी क्षेत्रलाई ऊर्जा क्षेत्रमा आकर्षण गर्न जरुरी रहेको उल्लेख गरे।

■ बौद्धिक सम्पत्ति दर्ता

# पेटेन्ट र डिजाइनको घट्यो, ट्रेडमार्कको बढ्यो

**काठमाडौं/** उद्योग विभागमा भएको 'बौद्धिक सम्पत्ति' दर्ताको स्थितिले नवप्रवर्तन एवं आविष्कार र त्यसको संरक्षणमा मुलुकले प्रगति गर्न नसकेको देखाएको छ। विभागअनुसार गएको आर्थिक वर्ष ०८०/८१ मा 'पेटेन्ट' र 'डिजाइन'को दर्ता घटेको छ भने ट्रेडमार्कको भने बढेको छ। गत आवमा दुईवटा मात्रै पेटेन्ट (आविष्कारमाथिको अधिकार) दर्ता भएका छन्। जुन त्यसअघिको आर्थिक वर्ष ०७९/८० को तुलनामा आधाले न्यून हो। आव ०७९/८० मा पाँचवटा पेटेन्ट दर्ता भएको विभागको तथ्यांक छ।

त्यस्तै, डिजाइनको दर्तासमेत घटेको छ। डिजाइन भन्नाले कुनै प्रकारले बनाइएको वस्तुको छाँट, रूप वा आकार हो। आव ०८०/८१ मा ११ वटा डिजाइन दर्ता भएका छन्, जुन अघिल्ला आव ०७९/८० को तुलनामा सातवटाले कमी हो। आव ०७९/८० मा १८ वटा डिजाइन दर्ता भएको विभागको तथ्यांक छ। पेटेन्ट र डिजाइनको दर्ता एवं संरक्षण घटेको भए पनि ट्रेडमार्कको दर्ता भने बढेको देखिन्छ। 'ट्रेडमार्क' भन्नाले कुनै फर्म, कम्पनी वा व्यक्तिले आफ्नो उत्पादित मालसामान वा आफूले प्रदान गर्ने सेवालाई अरूको मालसामान वा सेवाबाट फरक देखाउन प्रयोग गरिने शब्द, चिह्न वा चित्र वा शब्द, चिह्न र चित्र तिनै कुराको संयोग हो। आव ०८०/८१ मा ६ हजार ५१ वटा ट्रेडमार्क दर्ता भएका छन्, जुन अघिल्ला आव ०७९/८० को तुलनामा झन्डै दोब्बरले बढी हो। आव ०७९/८० मा तीन हजार दुई सय ३४ वटा डिजाइन दर्ता भएको विभागको तथ्यांक छ।

पेटेन्ट, डिजाइन र ट्रेडमार्क बौद्धिक सम्पत्ति हुन्। बौद्धिक सम्पत्ति भन्नाले वस्तु तथा पदार्थको आविष्कार, कुनै वस्तुको निश्चित छाँट वा रूप, वस्तु वा सेवाको पहिचान दिने गरी बनाइएको शब्द, चिह्न वा चित्र आदि भन्ने बुझिन्छ, जसलाई कम्पनी, व्यक्ति वा संस्थाको नाममा दर्ता गराएर संरक्षण गरिन्छ। नेपालमा बौद्धिक संम्पत्तिको महत्त्व थाहा नहुँदा नवप्रवर्तन एवं आविष्कार र त्यसको संरक्षण गर्ने संस्कार नदेखिएको उद्योग विभागका अधिकारीहरू बताउँछन्। विश्व बजारमा भने यसलाई विशेष महत्त्व र प्राथमिकता दिइने गरेको उनीहरूले बताए।